स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सुं.द.नं. ८४५-०७४।७५

वर्ष १३ , अंक २८ २०८१ माघ २८, सोमवार 10 february , 2024 मुल्य रु. १० । jantapatra.com

# एचपीभी खोप अभियान सुरु

**जनतापत्र । चौतारा**



एचपीभी खोप अभियान सुरु भएको छ। पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप अभियान सिन्धुपाल्चोक जिल्लामा सुरु भएको हो। जिल्लाको सदरमुकाम चौतारास्थित वनदेवी माविबाट खोप अभियानको सुरु भएको हो।

वनदेवी खोप केन्द्रमा खटिएका स्वास्थ्यकर्मीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेर खोप समन्वय समितिका प्रमुख बालकृष्ण श्रेष्ठ, चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा र प्रमुख जिल्ला अधिकारी किरण थापाले संयुक्त रुपमा अभियान सुरु गरेका थिए।

६-१० कक्षामा अध्ययनरत छात्रा तथा विद्यालय बाहिर रहेका १०-१४ वर्ष उमेर समूहका किशोरीलाई खोप दिइने जनस्वास्थ्य कार्यालयले जानकारी दिएको छ। यो अभियान माघ २९ गतेसम्म साता चल्ने छ। अभियानमा १० हजार ४ सयभन्दा बढी किशोरीलाई खोप दिने लक्ष्य रहेको प्रमुख जनस्वास्थ्य अधिकृत दुर्गा बजगाईंले बताउनुभयो।

उहाँका अनुसार, जिल्लाका १२ वटै तहमा एकसाथ अभियान सुरु भएको छ। अभियानको लागि २ सय दुई विद्यालयलाई खोप केन्द्र बनाइएको छ। ४ सय चार खोप कार्यकर्ता र ८ सय आठ स्वयम्सेवक अभियानमा खटिएका छन्।अनुगमन लगायत आकस्मिक कार्यको लागि ३२ जनाको व्यवस्थापकीय टीम बनाइएको निर्माण गएिको हो। अभियानको शुभारम्भ गर्दै जिसस प्रमुख श्रेष्ठ र नगर प्रमुख सापकोटाले सबै क्षेत्रबाट सहयोगको अपेक्षा गरेका थिए। यो खोप निशुल्क लगाइने छ। आउँदो फागुन ६ गतेसम्म देशभरि एकैपटक यो अभियान सञ्चालन हुने छ।

# बेलिबृज जडान सुरु



**जनतापत्र । तातोपानी**

नेपाली सेनाको बृजिङ युनिटद्धारा नेपाल-चीन व्यापारिक तातोपानी नाकानजिक रहेको लिपिङ खोलामा बेलिबृज जडान कार्य सुरु गरिएको छ।

गत असोज १२ गतेको बाढीले सो स्थानमा रहेको पक्की मोटरेबल पुल बगाएको थियो।

हाल अस्थायी पुल निर्माणको प्रक्रिया अघि बढाइएको छ। सो कार्यको प्रतिनिधिसभा सदस्य माधव सापकोटा "सुबोध"द्धारा निरिक्षण गरिएको छ। उहाँले निरिक्षणको क्रममा पुल जडान कार्यका लागि आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। नेपाली सेनाले आगामी पाँच दिनभित्र बेलिबृज जडान कार्य सक्ने बताएको छ।

तातोपानी नाका नेपालको प्रमुख व्यापारिक मार्गहरूमध्ये एक हो। पुल पुनर्निर्माणले चीनसँगको आयात-निर्यात सुचारु गर्न महत्वपूर्ण भूमिका खेल्ने छ। हाल नाका अस्थायी रुपमा बन्द छ।

# सेतिदेविमा सिकाई मेला



**जनतापत्र । चौतारा**

सेतिदेविमा सिकाई मेला सम्पन्न भएको छ। चौतारा साँगाचोक गढी नगरपालिका १३ नं वडा ठूलोसिरुवारीको आयोजनामा श्री सेतिदेवि माविको प्राङगणमा सिकाई मेला कार्यक्रम भव्यतासाथ सम्पन्न भएको हो। मेलामा शिक्षक तथा विद्यार्थीहरुको निकै मेहनतका साथ सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि महत्पुर्ण प्रयास गरिएको थियो।

सिकाई मेलामा विद्यार्थीहरुले खेलका माध्यमबाट सिक्ने विभिन्न विधिहरु पनि प्रर्दशनि गरिएको थियो।

चौतारा साँगाचोकगढी नगरपालिकाका मेयर सापकोटाले मेलोको निरिक्षण गर्दै सिकाई मेला एकदमै महत्वपुर्ण सिकाई अभ्यास देखिएको जानकारी दिनुभयो।

मेयर सापकोटाले मेलामा प्रदर्शन गरिएका सामग्रीहरुमा नगपालिकाको विभिन्न धरोहरलाई कलात्कम रुपमा प्रस्तुत गरिएको पाएको बताउनुभयो।

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

## सम्पादकिय एचपिभी विरुद्धको खोप लगाऔं

यति बेला संसारका मानिसहरु धनको बिषयमा बहस गर्न थालेका छन् । सबैले धन के हो भन्नेबारेमा आफ्ना आफ्नै परिभाषाहरु पेश गर्ने गरेका छन् ।

धेरै जसो मानिसहरुले धनलाई भौतिक आर्जन हो भनि व्याख्या गरेको पाइन्छ । हुन त भौतिक सम्पति पनि धननै हो । तर मानिसको जिवन र मानिसको स्वास्थ्य भन्दा ठुलो धन नहुन नि सक्छ ।

मानिस शारिरिक, मानसिक, सामाजिक रुपमा स्वस्थ भएमा मात्र उसले धन कमाउन सक्छ । यदि उ अस्वस्थ छ भने उसले धन आर्जन गर्न सक्दैन त्यसैले यो भन्दा गलत हुँदैन कि स्वास्थ्य नै धन हो ।

नेपालको नागरिकको स्वास्थ्य अवस्थाको कुरा गर्ने हो भने, सरकारले नेपाली नागरिकको स्वास्थ्य क्षेत्र सुधारको लागि अनेकन प्रयासहर गरिरहेको छ ।

नेपाललाई निरोगी बनाउनको लागि गत मङ्गलबारदेखि देशभर पाठेघरको मुखको क्यान्सरविरुद्धको 'एचपिभी' खोप सुरु गरिएको छ ।

'ह्युमन प्यापिलोमा भाइरस' अर्थात् 'एचपिभी' विरुद्धको यो खोप फाइदाजनक भएको डाक्टरहरुले बताएका छन् । वर्तमान समयमा नेपालको अवस्था हेर्ने हो पनि धेरै जसो महिलाहरुमा पाठेघरको समस्या देखिने गरेको छ ।

पाठेघरको क्यान्सरबाट कतिपय महिलाहरु पीडित छन् । यसको उपचार मा ठुलो धन खर्च हुन्छ । महिला क्यान्सरकै कारण ज्यान गुमाउन बाध्य छन् ।

त्यसैले १० देखि १४ वर्ष उमेरका बालिकालाई यो खोपमा समेट्नु सरकारको सम्मानजनक काम हो ।

विचारपत्र

# दलीय राजनीति सुधार्न निर्वाचन आयोगको सकारात्मक पहल

**विन्दुकान्त घिमिरे**

निर्वाचन आयोगले नेपाली राजनीतिका निम्ति अत्यन्त सुखद् समाचार प्रवाह गरेको छ । त्यो सुखद् समाचार हो, 'राजनीतिक दलहरूमा ब्यापक सुधारका निम्ति कानुनको निर्माण ।' आयोगका अनुसार यस्तो कानुनको मस्यौदा निर्माण भइसकेको छ र अहिले त्यो मस्यौदामाथि सरोकारवाला तथा विज्ञहरूलाई बोलाएर छलफल थालिएको छ । आयोगले यसको जिम्मेवारी आयुक्त रामप्रसाद भण्डारी र सचिव भरतमणि सुवेदीलाई दिएको छ । अबको १ महिनाभित्र विधेयकको मस्यौदा सार्वजनिक गर्ने तयारी छ ।

राजनीतिक दलसम्बन्धी ऐनको संशोधनका लागि मस्यौदा गरिएको विधेयकले आयोगले अहिलेसम्मका अनुभवलाई आधार मान्दै दल दर्ता प्रक्रियादेखि नै सुधार गर्ने प्रावधान राखेको छ । नयाँ दल दर्ता गर्न चाहनेहरूले आफ्नो सम्पत्ति तथा पेसा व्यवसायको विवरण मात्रै पेस गर्नुपर्ने छैन । सम्पत्ति शुद्धीकरण छानबिन निकायबाट प्रमाणपत्र पनि लिनुपर्नेछ । यसैगरी पार्टीको सबै तहको चुनावमा भाग लिने सदस्यहरूको विवरण पनि आयोगमा बुझाउनुपर्नेछ । पार्टीको तर्फबाट उम्मेदवार खडा गर्दा सदस्यहरूमार्फत प्रारम्भिक चुनाव गराउनुपर्नेछ ।

यसैगरी पार्टीका नाममा चन्दा लिन पाइने छैन । चन्दादाताको विवरण आयोगमा बुझाउनुपर्नेछ । पार्टी सञ्चालनका लागि राज्यबाटै बजेट उपलब्ध गराइने छ । बजेट उपलब्ध गराउँदा पार्टीले पाएको जनमतलाई आधार बनाइनेछ । पार्टीको अधिवेशन तथा उम्मेदवार छनौट निर्वाचन आयोगको प्रत्यक्ष निगरानीमा हुनेछ । सदस्यता वितरणको मापदण्ड निर्वाचन आयोगको स्वीकृतिमा तय गर्नुपर्नेछ । एउटै व्यक्तिले १ भन्दा बढी दलको सदस्यता लिने पाइने छैन । कुनै दलले कुनै व्यक्तिलाई सदस्यताबाट वञ्चित गर्दा स्पष्ट कारण खुलाउनुपर्नेछ । वञ्चित गरिएको व्यक्तिले आयोगमा उजुरी दिन पाउने छ । उजुरी उपर समय नघर्किँदै आयोगले फैसला गर्नेछ ।

### प्रयास तुहिने संभावना

निर्वाचन आयोगको यो प्रयास सफल हुनेभन्दा तुहिने संभावना बढी छ । यदि निर्वाचन आयोगले तयार गरेको मस्यौदाको मर्मअनुसार नै कानुन बन्यो भने राजनीतिक दलभित्र व्यापक सुधार आउने निश्चित छ । दलभित्र नेताहरूले गर्ने स्वेच्छाचारिता समाप्त हुनेछ । तर नेपालजस्तो कम चेतनशील जनता बस्ने देशमा यस्तो कानुन प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्ला ? आफ्नो स्वेच्छाचारिताको अन्त्य हुने कानुन बन्न दलका विद्यमान नेताहरूले देलान् ? भन्ने प्रश्नलाई नजरअन्दाज गर्न मिल्दैन । किनकी अहिलेसम्म नेताहरूले दललाई आफ्नो प्राइभेट कम्पनी जसरी चलाउने गरेका छन् । कतिपय दलहरूले कागजमा मात्रै अधिवेशन गर्छन्, व्यवहारमा गर्दैनन् ।

कानुनी रूपमा दलको मान्यता पाए पनि व्यावहारिक रूपमा दल बनिनसकेका समूहको विषयमा अहिले टिप्पणी नगरौं ।अहिलेसम्मको अभ्यासलाई हेर्दा नेपाली कांग्रेस र नेकपा एमालेले कानुनी रूपमा मात्रै होइन व्यवहारमा पनि दल बनिसकेका छन् । यी २ दलले नियमित अधिवेशन गर्ने गरेका छन् । तर उनीहरूले अधिवेशनमा भाग लिने प्रतिनिधि आफैं तय गर्छन् । सदस्यता वितरणदेखि नै चलखेल गर्न सक्ने ठाउँ राखेका छन् । आफैंले तय गरेका मतदाताबाटै आफू निर्वाचित हुने परिपाटी कांग्रेस एमालेमा छ । जो उम्मेदवार बन्ने हो उसैले मतदाता तय गर्ने परिपाटी राजनीतिक दलमा रहुन्जेल दलीय लोकतन्त्रले देश र जनताको हित गर्ला भन्ने अपेक्षा गर्नु अली बढी नै हुनेछ ।

नेपालमा कानुन बनाउने प्रक्रिया जस्तो छ, त्यसलाई आधार मान्ने हो भने निर्वाचन आयोगको यो प्रयास सजिलै सफल हुन संभव छैन । किनकी आयोगको अधिकार त विधेयक मस्यौदा तयार गरेर सरकारलाई पेस गर्नेसम्म हो । मस्यौदालाई संशोधन गर्ने वा दराजमा थन्क्याउने अधिकार सरकारसँग छ । दललाई प्राइभेट कम्पनी बनाएर मह चाटिरहेका व्यक्तिहरूकै सरकार छ । प्रधानमन्त्री उनै छन्, मन्त्रीहरू उनै छन् । उनीहरूले यो मस्यौदालाई विधेयकका रूपमा संसद्मा पठाउने संभावना कम छ । यदि पठाइहालेछन् भने पनि संसद्मा हलो अड्किने संभावना उस्तै छ । आर्थिक लेनदेनका आधारमा टिकट किनेर उम्मेदवार बनेका वा चन्दा दिएर समानुपातिक सूचीमार्फत सांसद बनेकाहरूको संख्या हाम्रो संसद्मा उल्लेख्य छ । उनीहरूले यस्तो विधेयक पास गर्लान् भन्ने अपेक्षा गर्नु अली छिटो हुनेछ ।

यसैगरी निर्वाचन आयोगले नै दलहरूको अधिवेशन गराइदिने अभ्यासमा पुग्न विकसित देशहरूलाई पनि कैयौं वर्ष लागेको थियो । लामो समयसम्म दलीय विकृतिहरू झेल्दै झेल्दै ती देशहरू राज्यको संवैधानिक अंगमार्फत नै दलको अधिवेशन गराउने तहमा पुगेका हुन् । त्यसो त राज्यका तह तथा निकायको निर्वाचनमा दलहरूले उम्मेदवार छनौट गर्दा आफ्ना सदस्यहरूबीच अनिवार्य निर्वाचन गराउने र त्यस्तो निर्वाचन राज्यको संवैधानिक अंगले नै गराउने परिपाटी बहुदलीय लोकतन्त्रको समुन्नत नमुना हो ।

### असंभव छैन

विकसित देशहरूले प्रयोगमा ल्याएको बहुदलीय लोकतन्त्रको यो समुन्नत नमुना नेपालमा कार्यान्वयन हुन संभव छ कि छैन ? यो प्रश्न गम्भीर छ । तर लोकतन्त्रलाई दिगो बनाउने हो भने यो नमुना अनुशरण गर्नुबाहेक अर्को विकल्प छैन । यस विषयमा नागरिक समाजका अगुवा तथा लोकतन्त्रका विज्ञहरूले बहस अघि बढाउनु जरुरी छ ।

भट्ट हेर्दा यस्तो परिपाटी खर्चिलो र झन्झटिलोजस्तो देखिन्छ । किनकी ५ वर्षको अन्तरालमा राज्यका ३ वटा तहको निर्वाचन गर्दा पौने खर्ब रुपैयाँ खर्च हुने गरेको हाम्रो अनुभव छ । सबै दलहरूको अधिवेशन तथा उम्मेदवार छनौटको काम पनि निर्वाचन आयोगमार्फत गर्ने हो भने साधन स्रोत कति लाग्ला ? निर्वाचन आयोगमा कति कर्मचारी चाहिएलान् ? सामान्य क्यालकुलेटरमा समेत हिसाब गर्न गाह्रो देखिन्छ । तर, यो काम विकसित देशहरूले प्रविधिको माध्यमबाट सजिलै सम्पन्न गर्ने गरेका छन् ।

नीहरूले मतदाता नामावली संकलनका क्रममै कुन मतदाता कुन दलको सदस्य हो ? भन्ने सूची तय गर्छन् । यसका लागि दलहरूको पनि मद्दत लिन्छन् । यति काम गर्न निर्वाचन आयोगको विद्यमान जनशक्तिले मज्जासँग सक्छ । बाँकी रह्यो दलहरूको अधिवेशन तथा उम्मेदवार छनौटको काम । यो कामका लागि भने हरेक पालिकामा निर्वाचन आयोगको कार्यालय रहनु जरुरी हुन्छ । पालिकामा रहेको निर्वाचन कार्यालयले समय तालिका बनाएर दलहरूको स्थानीय अधिवेशन गराइदिन सक्छ । १-१ महिनाको समय तालिका बनाउने हो भने पनि १ वर्षमा १२ वटा दलको स्थानीय अधिवेशन हुनसक्छ । केही अपवादबाहेक हाम्रो देशका स्थानीय तहमा ३-४ वटाभन्दा बढी दल छैनन् ।

स्थानीय निर्वाचनका क्रममा दलहरूको उम्मेदवार छनौट गर्दा भने समयको पावन्दी तथा पदहरू धेरै भएकोले निर्वाचन कार्यालयलाई चापाचाप पर्न सक्छ । तर, यसका लागि अस्थायी रूपमा जनशक्ति लिन सकिन्छ ।

### यथास्थिति खतरनाक

मुलुकका राजनीतिक दलहरू अहिले जे जसरी चलेको छन् त्यो ज्यादै खतरनाक छ । खराब व्यक्तिहरूलाई राज्य सत्तामा पुग्न नदिनका लागि दल चाहिएको हो । दलीय संगठनले खराब व्यक्तिलाई सत्तामा पुग्नबाट रोक्छ भन्ने मान्यता बहुदलीय शासन व्यवस्थाको हो । तर खराब व्यक्तिहरूले नै दल कब्जा गरिदिए र असल व्यक्तिहरू दलबाट किनारा लाग्दै गए भने के हुन्छ ? निश्चय नै भयावह अवस्था उत्पन्न हुन्छ । त्यही भयावह अवस्थातिर हाम्रो देश अघि बढेको छ ।

पेज नं ६ मा

# एआईको प्रयोग अनिवार्य

डा. बाबुराम दुवाडी

संसार विकासक्रमको युगलाई हेर्ने हो भने ढुङ्गे युग, मेसिन युग, सूचना-प्रविधि युग हुँदै अहिले हामी एआई युगमा आइसकेका छौँ । विकसित देश सुपर एआई युगमा प्रवेश गरिसकेको अवस्था छ भने विकासशील देशमा सूचीकृत नेपाल जस्तो देश भने मेसिन युगबाट सूचना-प्रविधि युगतिर प्रवेश गरेको जस्तो भान हुन्छ । किनभने अघिल्लो सरकारले यो क्षेत्रलाई प्राथमिकतामा राख्दै सूचना-प्रविधि दशकको घोषणा नै गरेको थियो ।

कम्प्युटिङ र प्रोसेसिङ तागत मानवको भन्दा कैयौँ गुणा कम्युटरको बढी हुन्छ तर हालसम्म मानव ब्रेनको इन्टेलिजेन्स तहलाई मेसिनमा पूर्ण रूपमा उतार भइसकेको अवस्था थिएन । पछिल्लो समय मेसिन लर्निङ, डिप लर्निङ अल्गोरिदमको उदयसँगै मानवले जस्तै सोच्न सक्ने क्षमता मेसिनले प्राप्त गरेको छ, जसलाई हामी कृत्रिम बुद्धिमत्ता अर्थात् आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) भन्ने गरेका छौँ ।

यसले गर्दा अब कम्प्युटिङ र डाटा प्रोसेसिङसहित सोच्न सक्ने क्षमतामा मानवभन्दा मेसिन नै कैयौँ गुणा बढी हुने अवस्था सिर्जना भएको छ ।

करोडौँ वर्षदेखि मानव विकासको भिन्न तह पार गरी विकसित हुँदै सोच्न र समस्या हल गर्न सफल मानव ब्रेनलाई विगत दुई दशकको अनुसन्धान र सूचना-प्रविधिको विकासले गर्दा क्षणभरमै मानव ब्रेनले भन्दा कैयौँ गुणा बढी क्षमता हासिल गर्ने एआई मेसिनको निर्माणले द्रुत रूपमा विकसित विश्व र समाजको निर्माण हुँदै गएको छ ।

प्रत्येक क्षेत्रमा एआईको प्रयोगले कामको चुस्तता, विकासको गति र पारदर्शिता कायम गर्न प्रभावकारी हुने आकलन गरिएको छ । एआईको प्रयोगभन्दा अगाडि पारदर्शी सूचना-प्रविधि प्रणालीको प्रयोग अनिवार्य छ ।

एआईलाई चाहिने मुख्य खुराक भनेको उत्तम गुणस्तरको प्रशोधित डाटा हो, जुन सूचना-प्रविधिको प्रयोगबाट मात्र सम्भव हुन्छ । त्यही प्रशोधित गुणस्तरीय डाटाका आधारमा एआईलाई तालिम दिने गरिन्छ, अनि मात्र एआईले त्रुटिरहित तरिकाले काम गर्छ । नेपालको सरकारी निकायमा सूचना-प्रविधिको प्रयोग अझै भएको देखिँदैन । राज्यका औसत ८० प्रतिशतभन्दा बढी अङ्गमा अझै पनि सूचना-प्रविधिलाई प्रयोगमा ल्याइएको छैन भने प्रयोगमा रहेका निकायमा पनि सुरक्षित र गुणस्तरीय प्रयोग भएको देखिँदैन ।

नेपालका सार्वजनिक निकायले विभिन्न वस्तु तथा सेवा खरिदलगायत आन्तरिक प्रणाली सञ्चालनमा सूचना-प्रविधिलाई आत्मसात् नगर्दा भ्रष्टाचार र अन्य कसुरजन्य कार्यमा खासै प्रगति भएको छैन । सन् २०२३ को ट्रास्सपरेन्सी इन्टर नेसनलको प्रतिवेदनले पनि नेपालको भ्रष्टाचार नियन्त्रणमा अपेक्षकृत सुधार नआएको उल्लेख गरिसकेको छ ।

भ्रष्टाचारविरुद्धको अनुसन्धान, नियन्त्रण र निवारणमा मुख्य भूमिका खेल्दै आएको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्लो समयमा द्रुत गतिमा भ्रष्टाचार कसुरका मुद्दा अदालतमा दर्ता गरे पनि अधिकांश मुद्दाको छिनोफानो हुँदा दस-बाह्र जना मुछिएको एउटै मुद्दामा फैसला हुँदा मुस्किलले एक-दुई जना मात्र दोषी देखिनुले सफलता दर १० देखि बिस प्रतिशत मात्र रहेको छ भने केही मुद्दामा मुस्किलले तिस प्रतिशतसम्म मात्र सफलता दर हासिल गरेको देखिन्छ ।

यस्तो अवस्थाले मुद्दा खेपे पनि अधिकांशले लामो समयपछि मात्र सफाइ पाउने र कसुर नठहरिएपछि आफ्नो सामान्य कामकाज र सामाजिक जीवनमा फर्किन गाह्रो हुने साथै सफाइ पाउनेलाई उचित क्षतिपूर्ति नभएका गुनासा प्रशस्त छन् ।

सूचना-प्रविधिको प्रणालीसँगै एआईको उचित प्रयोग गर्न सकेमा अख्तियारलाई भ्रष्टाचार मुद्दाको सफलता दर बढाउन र छानबिन प्रक्रिया परिपक्व, पारदर्शी अनि यथेष्ट प्रमाण जुटाउन सहज हुने छ ।

पछिल्लो समयमा आयोगले दर्ता गरेका मुद्दाको पारदर्शितामा अदालतबाटै प्रश्न उठाएको देखिन्छ भने कतिपय मुद्दा व्यक्तिवादी भएको र यथेष्ट प्रमाण नपुगेकाले अदालतले आयोगलाई सो सम्बन्धमा गम्भीर हुन निर्देशनात्मक आदेशसमेत गरेको समाचार बाहिर आएका छन् ।

भ्रष्टाचार नियन्त्रण कठिन हुनुमा थुप्रै कारण हुन सक्छन्, जस्तैः कानुनको प्रयोग र न्याय निरूपणमा तादाम्यता नहुनु, सेवा प्रवाहमा संलग्न सार्वजनिक कर्मचारी जिम्मेवार, जवाफदेही र पारदर्शी नहुनु, सेवा प्रवाह गर्ने र नियामक निकायमा समन्वयको अभाव हुनु, सार्वजनिक कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नहुनु प्रमुख हुन् । प्रायः सबै क्षेत्रमा राजनीतिक प्रभाव बढी हुने र बिचौलियाको पहुँच सहज हुनु इत्यादि कारणमध्ये सार्वजनिक सेवा प्रवाहमा सूचना-प्रविधिको व्यापक प्रयोगलाई अझै पनि आत्मसात् नगर्नु अन्य कारणको रूपमा लिन सकिन्छ ।

कानुनको जानाजानी दुरुपयोग गर्दै भ्रष्टाचारमा लिप्त हुने र कानुन पालनामा अन्जानमा त्रुटि हुँदा भ्रष्टाचार भएको बुझिने विषयमा स्पष्ट विभाजन रेखा पत्ता लगाउन नसक्दासम्म कानुन र न्याय निरूपण बिचको तादाम्यता मिल्दैन । पारदर्शी ढङ्गबाट काम गर्ने साथै सोका लागि सूचना-प्रविधिलाई व्यापक प्रयोग गर्न सकेमा मात्र यस्ता भ्रम हटाउन सकिने साथै न्याय निरूपण पनि समयमै न्यायोचित ढङ्गले हुने छ । विडम्बना, सूचना-प्रविधिको प्रयोग बढाउने नाममा पछिल्लो समय यस क्षेत्रका खरिदमा भ्रष्टाचार संवेदनशील देखिएको भन्दै अख्तियारले १० बुँदे सुझाव नै जारी गरिसकेको छ ।

नेपाल सरकारले एआईको अवधारणपत्र जारी गरिसकेको छ भने सोही अवधारणापत्रको मार्गनिर्देश अनुसार एआई नीतिको मस्यौदा समेत तयार गरी पृष्ठपोषणका लागि सार्वजनिक गरिसकेको छ ।

अवधारणापत्रमै एआईको क्षेत्रगत प्रयोगलाई प्राथमिकतामा राखिएको छ । शिक्षा, स्वास्थ्य, पर्यटन, ऊर्जालगायत विभिन्न सार्वजनिक सेवाप्रवाहका बहुक्षेत्रमा एआईको नैतिक र पारदर्शी प्रयोगले समृद्धि हासिल गर्न सकिने र भ्रष्टाचार नियन्त्रण र निवारणमा सहयोगी हुने एआई अवधारणापत्रमा उल्लेख भएसँगै एआई नीतिले सो सम्बन्धमा विस्तृत रणनीति तय गर्दै एआई नियमन परिषद्, राष्ट्रिय एआई केन्द्र र अनुसन्धानमा प्राथमिकता दिँदै विश्वविद्यालयमा एआई एक्सेलेन्स केन्द्र जस्ता संरचना निर्माण गरी ऐआई प्रयोगमार्फत आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्ने लक्ष तय गरेको छ ।

सरकारी एकीकृत सूचना-प्रणालीको विकास र प्रयोगलाई प्राथमिकतामा राख्दै सूचना-प्रविधिको व्यापक प्रयोगमार्फत सेवा प्रवाह गराउन सकेमा एआईको लागि आवश्यक प्रशोधित र गुणस्तरीय डाटा सङ्कलन र भण्डारण गर्न सकिन्छ । सङ्कलित डाटालाई एआई एजेन्ट बनाउने तालिममा प्रयोग गर्दै कृत्रिम बुद्धिमत्ता सक्षम अनुसन्धान एजेन्ट बनाउँदै जाने र स्वचालित रूपमा सार्वजनिक सेवा प्रवाहका कामकारबाहीलाई अनुगमन गर्न सकेमा भ्रष्टाचारमा आरोपित व्यक्तिका विरुद्धमा प्रमाण सङ्कलन र सूक्ष्म छानबिन गर्न अख्तियारलाई सहज हुने छ । एआईको प्रयोग गर्नुपूर्व संस्थाका सबै प्राशासनिक तथा अनुसन्धान कार्यमा सूचना-प्रविधिको स्वचालित प्रणाली लागु गर्दै डाटा सङ्कलन र भण्डारणमा ध्यान दिनु पर्ने छ ।

सार्वजनिक सेवा प्रावाह गर्ने संस्थाहरूले प्रयोग गर्ने सूचना-प्रविधि प्रणालीमा २४ घण्टा छानबिन गर्ने निकायले अनुगमन पहुँच राख्न सक्ने नियमन प्रणालीको आवश्यक हुन्छ । डाटा सङ्कलन, अनुगमन र प्रशोधनको लागि पहिलो त डाटामा पहुँच सुनिश्चित गर्नुपर्ने हुनाले सरकारले डाटामा पहुँचको कानुनी आधार तय गर्नु पर्छ ।

विभिन्न प्रकृतिको डाटामा पहुँच गर्नका लागि अधिकारप्राप्त निकायलाई लफुल इन्टरसेप्सनको आवश्यकता पर्छ । र मुद्दाको सफलता दर पनि अपेक्षाभन्दा बढी नै हुने छ ।

(गोरखापत्रअनलाइनबाट)

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौँ**

**जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔँ,**
**वोटविरुवा लगाऔँ, हरियाली प्रर्वधन गरौँ,**
**नविकरणीय उर्जाको प्रयोग गरौँ,**
**फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔँ,**
**जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔँ,**
**पानीका स्रोतहरुको संरक्षण गरौँ,**
**वनजंगलको संरक्षण गरौँ ।**

**हेलम्बु गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौँ**

**जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔँ,**
**वोटविरुवा लगाऔँ, हरियाली प्रर्वधन गरौँ,**
**नविकरणीय उर्जाको प्रयोग गरौँ,**
**फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔँ,**
**जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔँ,**
**पानीका स्रोतहरुको संरक्षण गरौँ,**
**वनजंगलको संरक्षण गरौँ ।**

**पाँचपोखरी थाङ्पाल गाउँपालिका**
**गाउँपालिकाको कार्यालय,सि.पा**

# खानेपानी प्रशोधन केन्द्र सञ्चालनमा

**जनतापत्र । चौतारा**

सदरमुकाम चौतारामा खानेपानी प्रशोधन केन्द्र सञ्चालनमा आएको छ । जुगल थालखर्क होल्चे खानेपानी मूल उपभोक्ता तथा सरसफाई समितिले आज (शुक्रबार) बाट गुणस्तरिय खानेपानी प्रशोधन केन्द्र ( ट्रिटमेन्ट प्लान्ट ) सञ्चालनमा ल्याएको हो ।

यस अघि जुगल थालखर्क होल्चे खानेपानी मूल उपभोक्ता तथा सरसफाई समितिले
खानेपानी व्यवस्थापन र वितरण गरिरहेको थियो । अब चौताराका उपभोक्ताहरुले गुणस्तरिय एवम् स्वच्छ खानेपानी पिउन पाउने भएका हुन् ।

मूलबाट ल्याइएको पानीलाई सिधै दारेगौडास्थित ट्याँकीमा झारेर उपभोक्तालाई वितरण गर्दै आएकोमा अहिले भने प्रशोधन भएर त्यही पानी उपभोक्ताको घरघरमा पुग्नेभएको छ ।




खानेपानी मन्त्री प्रदीप यादवले आज (बिहीबार) सो केन्द्रको उद्घाटन गर्दै खानेपानी योजनाका लागि जनताले तीसप्रतिशत रकम सहलगानी गर्नुपर्ने बाध्यताको अन्त्य गरिने जानकारी दिनुभयो ।

मन्त्री यादवले खानेपानी जस्तो अत्यावश्यक चिजमा जनतालाई तीस प्रतिशत रकम ब्यहोर्न लगाउनु गलत भएको र खरबौंको सडक बनाउँदा सरकारले जनतासँग एक रुपैयाँ पनि अशुल नगर्ने तर खानेपानी आयोजनाका लागि भने सरकारले ७० प्रतिशत मात्र लगानी गर्दै जनतालाई ३० प्रतिशत सहलगानी गराउनु न्यायसंगत नभएको जानकारी दिनुभयो ।

तीसप्रतिशत सहलगानीको निर्देशिका खारेजीका लागि विज्ञसमूहसँग परामर्श गर्ने पनि उहाँको भनाइ रहेको थियो ।

आयोजनाका प्रमुख राजेन्द्रप्रसाद श्रेष्ठलका अनुसार, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुरबाट ६ करोड २५ लाख लगानीमा निर्माण भएको हो ।

प्रशोधन केन्द्रमा प्रतिसेकेण्ड २५ लिटर पानी प्रशोधन हुने छ ।

जुगल थालखर्क होल्चे खानेपानी मूल उपभोक्ता तथा सरसफाइ समितिले सदरमुकाम चौतारा लगायत आसपासका वस्ती गरि झण्डै १४ सय भन्दा बढी घरधुरीका उपभोक्ताले प्रशोधन केन्द्रको पानी उपभोग गर्ने बताएको छ ।

समितिका सचिव श्यामकृष्ण श्रेष्ठको सञ्चालन गरेको कार्यक्रममा समितिका अध्यक्ष एवम् पूर्व सांसद सुभाष कर्माचार्यको सभापात्वमा भएको भएको थियो ।

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

**इन्द्रावति गाउँपालिका**
गाउँपालिकाको कार्यालय,सि.पा

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

**बलेफी गाउँपालिका**
गाउँपालिकाको कार्यालय,सि.पा

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

**बाह्रविसे नगरपालिका**
नगरपालिकाको कार्यालय,सि.पा

**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

**जुगल गाउँपालिका**
गाउँपालिकाको कार्यालय,सि.पा

# माओबादी केन्द्र अध्यक्षमा तुलनाथ घिमिरे

जनतापत्र । जुगल

नेकपा (माओबादी केन्द्र) जुगल गाउँपालिकाको अध्यक्षमा तुलनाथ घिमिरे सर्वसहमत चयन भएका छन् ।
गत आईतबार समितिको तेस्रो सम्मेलन भएको थियो ।
गाउँपालिकाको केन्द्र भाग ढाँडेमा सात वटै वडाका संगठीत सदस्यहरुको प्रतिनिधीत्वमा सम्पन्न भएको उक्त सम्मेलनबाट घिमिरे निर्वाचि भएका हुन् । त्यस्तै उपाध्यक्षमा जग बहादुर तामाङ, इन्द्र बहादुर सिलवाल र महिला उपाध्यक्षमा क्रान्ति लामा योञ्जन, सचिवमा फुलकाजी तामाङ, सहसचिवमा मिन बहादुर श्रेष्ठ र कोषाध्यक्षमा कृष्ण तामाङ चयन भएका थिए । निर्वाचन समितिको संयोजक दिप बहादुर थापाले
३ बर्षे कार्यकालको लागि घिमिरेको अध्यक्षतामा ४१ गाउँपालिका समिति निर्वाचित गरेको जानकारी दिए ।
समितिको सदस्यहरुमा रबिन्द्र सिलवाल, गंगा बहादुर श्रेष्ठ, तारा कार्की अधिकारी, कुमार सुनार, रमेश सिलवाल, अमर बहादुर सिलवाल, लाक बहादुर गोले, सुनमाया बिक, फुलमाया स्याङ्वो , तेन्जी शेर्पा, रोमन लामा, प्रतिलाल तामाङ, सञ्जु नेपाली, सीता श्रेष्ठ, हर्क लामा, भुवाल सिलवाल, मेनुका गुभाजु, कुमार नेपाली , बिर बहादुर श्रेष्ठ, सुप्पाकाजी तामाङ, कान्छालाल तामाङ, चन्द्र बहादुर बिक, कृष्णलाल श्रेष्ठ, टंक बहादुर श्रेष्ठ, कुञ्जरमणी अधिकारी, चमा सिं तामाङ, दिनेश बिक, दिपक खत्री, तिलकमाया बिक, पदमकुमारी श्रेष्ठ, बल बहादुर श्रेष्ठ, जयलाल तामाङ, चन्द्रलाल लामा र मैना तामाङ रहेका छन् । त्यस्तै लेखा समिति प्रमुख चिनलाल श्रेष्ठ, अनुशासन समिति प्रमुख मोहन श्रेष्ठ र निर्वाचन समिति प्रमुखमा दिप बहादुर थापा चयन भएका हुन् । उक्त कार्यक्रम पार्टी केन्द्रिय सदस्य केशव नेपालको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा पार्टी केन्द्रिय सदस्य माधव सापकोटा, केन्द्रिय सदस्य अमृता नेपाल, प्रदेश अध्यक्ष सरल सहयात्री पौडेल, प्रदेश सदस्य, गाउँपालिका अध्यक्ष रेशम स्याङ्वो लगायत नेताहरुले मन्तव्य राखेका थिए । १ हजार हाराहारी सहभागि रहेको कार्यक्रम अघिल्लो समितिका अध्यक्ष इश्वर गुभाजुको अध्यक्षतामा सचिव इन्द्र सिलवाल र सहसचिव फुलकाजी तामाङले सञ्चालन गरेको थिए । कार्यक्रममा गाउँपालिकाको सवै भुगोलबाट उत्साहपूर्वक कार्यकर्ताहरु सहभागि थिए ।

# भलिबल प्रतियोगिताको उपाधी सिएमसिवाइसीलाई



जनतापत्र । हेलम्बु

दोस्रो हेलम्बु गाउँपालिका स्तरीय भलिबल प्रतियोगिताको उपाधी सिएमसिवाइसीले जित्न सफल भएको छ ।

२८६१ औं सोनाम ल्होछार ब्रुल ल्हो( सर्प वर्ग) को अवसरमा आयोजित दोस्रो हेलम्बु गाउँपालिका स्तरीय भलिबल प्रतियोगिताको उपाधी आयोजक च्योम्थली मानेडाडाँ चित्रे गोम्देन टोल विकास समिति (सिएमसिवाइसी)ले जित्न सफल भएको हो ।

आयोजक सिएमसिवाइसीले खरबुजे फर्पसङ छाजोगाङ युवा क्लबलाई ३-२ को सेटमा हराउँदै उपाधी जितेको हो । त्यस्तै क्यासिन्जे युवा क्लबलाई हराउँदै देविस्थान क्लब तेस्रो भएको छ । पहिलो दोस्रो र तेस्रो हुने टिमले क्रमश ४० हजार,२० हजार र १० हजार सहित मेडल कप र प्रमाणपत्र प्राप्त गरेको छ । रेफ्री कृष्ण तामाङले१३ टिम सहभागी प्रतियोगिताको बेष्ट प्लेयर संगम तामाङ,बेष्ट स्पाइकर दिप तामाङ,बेष्ट ब्लकर विनोद तामाङ,बेष्ट सेटर निमाछिरिङ शेर्पा हुनुभएको जानकारी दिनुभयो ।

# श्री सेतीदेबी पञ्चकन्या माविको ४८ औं वार्षिकोत्सव, धुमधामकासाथ मनाइयो

जनतापत्र । चौतारा

श्री सेतीदेबी पञ्चकन्या माविको ४८ औं वार्षिकोत्सव, धुमधामकासाथ मनाइयो जनतापत्र, चौतारा ।
विद्यालयको अक्षयकोषको लागी ८ लाख सहयोग घोषणा गरेको छ ।

श्री सेतीदेबी पञ्चकन्या माध्यमिक विद्यालयको पूर्व बिद्यार्थी समाजले उक्त रकम बराबरको सहयोग घोषणा गरेको हो ।
पूर्व विद्यार्थीहरुको ब्यक्तिगत सहयोगबाट नगद संकलन गरी कोषको सांसद माधव सापकोटा सुबोधले घोषणा गर्नुभएको हो ।
चौतारा साँगाचोकगढी नगरपालिका वडा नम्बर ४, कुबिण्डे स्थित विद्यालयले ४८ औं वार्षिकोत्सव, अभिभावक भेला तथा भुपु बिद्यार्थी पुनर्मिलन समारोह धुमधामका साथ मनाएको छ ।

उक्त समारोहको अवसरमा पूर्व बिद्यार्थी समाजका उपाध्यक्ष समेत रहेका बलेफी गाँउपालिका अध्यक्षले ४ लाख सहयोगको घोषणा गर्नुभएको थियो ।

यो विद्यालयमा नियमित र कृषि प्राविधिक धारमा अध्यापन भइरहेको छ । गत बुधबार विद्यालयले आफ्नो वार्षिकोत्सव, अभिभावक भेला तथा भुपु बिद्यार्थी पुनर्मिलन कार्यक्रम बिबिध कार्यक्रमका साथ समापन गरेको हो ।
उक्त विद्यालयमा हाल २ सय ५० हाराहारीमा बिद्यार्थी रहेका छन् ।

बिद्यालयमा विद्यार्थीहरुले पढ्दै कमाउँदै कार्यक्रम पनि लागु भएको छ ।
बिद्यालय व्यवस्थापन समिति अध्यक्ष चुडामणी नेपालको अध्यक्षता र प्रतिनिधी सभाका पूर्व सभामुख अग्नीप्रसाद सापकोटाको प्रमुख आतिथ्यतामा सो कार्यक्रम भएको हो ।

कार्यक्रमको बिच भागमा विद्यालयको समग्र शैक्षिक अवस्थाको समिक्षा सहित शैक्षिक गुणस्तर सुधारका विषयमा विद्यार्थी , शिक्षक, भुत पुर्व विद्यार्थी र अभिभावक बिच सामुहिक अन्तरक्रिया समेत गरियो ।


जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँपालिकाको कार्यालय,सि.पा



जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

भोटेकोशी गाउँपालिका
गाउँपालिकाको कार्यालय,सि.पा

# श्री बज्रेश्वरी आधारभूत विद्यालयको ३० औं बार्षिकत्सव सम्पन्न

जनतापत्र । चौतारा

श्री बज्रेश्वरी आधारभूत विद्यालयको ३० औं बार्षिकत्सव सम्पन्न भएको छ । बज्रेश्वरी आधारभूत विद्यालयको ३० औं बार्षिकत्सव, चौतारा साँगाचोकगढी नगरपालिका वडा नं २ का वडा अध्यक्ष सुदिप श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

उहाँले यस आधारभूत विद्यालयको बार्षिकत्वसमा वोल्दै शिक्षाबाट कुनै बालबालिका वञ्चित नहोस् , हरेक अवसरलाई सदुपयोग गर्नुपर्छ, यसमा वडा शिक्षा समितिले गर्न सकिने सहयोग गर्ने र गुणस्तरीय शिक्षा र निःशुल्क शिक्षाको लागि आफ्नो तर्फबाट सकेको सहयोग गर्छु भन्दै साना साना विद्यार्थीलाई २५० थान कपि र सिसाकलम प्रदान गर्नुभएको छ ।

यसै सन्दर्भमा खेलप्रेमी विद्यार्थी र भूत पुर्वविद्यार्थीलाई फूल्पिङ युवा समाजको समन्वयमा भलिवल २ थान, जर्सी सेट २० , नेट २ , पम्प १ थान वितरण गर्नु भएको थियो । कार्यक्रममा शिक्षक, विद्यार्थी, अविभावक, भूत पुर्वविद्यार्थी, वुद्धिजिवि, समाजसेवीको उपस्थिती रहेको थियो ।

बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुन्ज तामाङ्गको अध्यक्षता सो कार्यक्रम सम्पन्न भएको हो ।

# युवा संघ नगरकमिटिको अध्यक्षमा राम तमाङ सर्वसमत

जनतापत्र । चौतारा

राष्ट्रिय युवा संघ चौतारा नगरकमिटिको अध्यक्षमा राम तमाङ सर्वसमत चयन हुनुभएको छ ।

गत शनिबार चौतारामा भएको राष्ट्रिय युवा संघ नेपाल चौतारासाँगाचोकगढी नगरपालिका कमिटीको दोस्रो अधिवेशनले तामाङलाई अ अध्यक्ष पदमा सर्वसमत चयन गरेको हो ।

तामाङको अध्यक्षतामा १६ सदस्यीय कार्यसमिति सर्वसमत रुपमा चयन भएका छन् ।

समितिको उपाध्यक्षमा अनुप श्रेष्ठ, सचिवमा सुवाष अर्याल, सह-सचिवमा अंकीत श्रेष्ठ र विकास थापा, कोषाध्यक्षमा सृष्टि जोन्से निर्वाचित हुनुभएको समितिका पुर्व अध्यक्ष सुबास तामाङले बताउनुभयो ।

त्यस्तै सदस्यहरुमा रादिप श्रेष्ठ, सुनिल तामाङ, विश्व तमाङ, राजेश श्रेष्ठ, रमेश लामा, कुमार तामाङ, सुशिल श्रेष्ठ, निरज तामाङ, राजन खत्री, प्रदिप खत्री, निरोज कार्की, न्युटन कार्की, फुलकाजी तामाङ, राजु माझी, र सिताराम माझी सर्वसमत रुपमा चयन भएका छन् ।

राष्ट्रिय युवा संघ नेपाल चौतार ासाँगाचोकगढी नगरपालिका कमिटीको दोस्रो अधिवेशन राष्ट्रिय युवा संघ नेपालका उप-महासचिव राजन थापाको प्रमुख आतिथ्यतामा भएको हो । उहाँले कार्यक्रममा आफ्नो मन्तव्य राख्दै उहाँले नया ँ कार्यसमितलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो । उहाँले युवाद्धारानै काँधमा अभिभारा बोकेर अगाडी बढ्दै देशको विकासका लागि सधै अग्रपंक्तिमा राख्नुपर्ने बताउनुभयो । विकासको अपरिहार्य तत्व भनेकै युवा जनशक्ति भएकोले देशमा सक्रिय जनशक्ति नभए विकास हुने बताउनुभयो । कार्यक्रम नगरकमिटिका निवर्तमान अध्यक्ष सुबास तामाङको अध्यक्षतामा भएको थियो ।

# दलीय राजनीति सुधार्न....

उदाहरणका लागि २०४८ सालसम्मको नेपाली कांर्ग्रेस र अहिलेको नेपाली कांग्रेस हेरे पुग्छ । २०५१ सालसम्मको एमाले र अहिलेको एमाले हेरे पुग्छ । २०४८ सालसम्मको माओवादी र अहिलेको माओवादी तुलना गरे पनि हुन्छ । २०४८ सालदेखि २०५१ सालसम्म ३ वर्ष नेपाली कांग्रेसले सत्ता चलायो । यो ३ वर्ष प्रधानमन्त्री तथा मन्त्री भएर निस्कँदा १ जनाले पनि राजधानी काठमाडौँमा घर घडेरी जोडेको देखिएन । यो अवधिमा भ्रष्टाचारका काण्ड नसुनिएका होइनन् । तर गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईजस्ता नेताहरूले दरोसँग खबरदारी गरेका थिए ।

२०५१-२०५२ सालको ९ महिना नेकपा एमालेले शासन सत्ता चलायो । यो ९ महिना सत्तामा रहने एमालेका नेतामध्ये कुन कुन नेताले राजधानी काठमाडौँमा घर घडेरी जोडे ? भन्ने फेहरिस्त निकै लामो हुन्छ । प्रधानमन्त्री मनमोहन अधिकारी तथा अन्य २-३ जनाबाहेक सबैले राजधानी काठमाडौँमा घर घडेरी जोडे । त्यसपछि एमालेका नेताहरूको देखासिखी कांग्रेसका नेताहरूले पनि धमाधम गर्न थाले । २०५६ सालको निर्वाचनसम्म त कांग्रेसका पनि धेरैजसो नेताको घर घडेरी जोडिइसकेको थियो ।

त्यसो त सत्तामा पुगेको १ वर्ष पुग्दा नपुग्दै माओवादीका नेताहरू पनि सम्पत्ति आर्जनको दलदलमा फँसे । कांग्रेसका नेता बिग्रन ४ वर्ष लाग्यो, एमालेका नेता बिग्रन ९ महिना लाग्यो, माओवादीका नेता बिग्रन १ महिना पनि लागेन । नवोदित राष्ट्रिय स्वतन्त्र पार्टी त के कस्ता व्यक्तिहरू मिलेर गठन भएको रहेछ ? भन्ने कुरा ढाकाकुमार श्रेष्ठ प्रकरणले उजागर गरिसकेको छ ।

लोकतन्त्रको विकल्प भनेको अझै समुन्नत लोकतन्त्र हो । समुन्नत लोकतन्त्रका लागि राजनीतिक दलहरू पनि संस्थागत र जनउत्तरदायी हुनुपर्छ ।

नेपालमा दल बिग्रने सिलसिला

सुरुआती चरणमा नेपाली कांग्रेस र एमाले पनि जनताले गरेको खबरदारीप्रति सचेत थिए । उदाहररणका लागि २०५५ सालमा नेपाली कांग्रेसले रातो पासपोर्ट अर्कैको घरमा फेला परेको अभियोगमा तत्कालीन स्वास्थ्य सहायक मन्त्री रामचन्द्र अधिकारीलाई पार्टी सदस्यबाट निलम्बन गऱ्यो । त्यतिबेला प्रत्यक्ष जननिर्वाचित सांसदको पद अहिलेका समानुपातिक सांसदको जस्तो पार्टीले खारेज गर्नसक्ने संवैधानिक व्यवस्था थिएन ।

यसैगरी २०५७ सालमा तत्कालीन वन राज्यमन्त्री सुरेन्द्र हमालले कर्मचारी सरुवामा १ लाख रुपैयाँको रेट राखिएको कुरा मन्त्री गोपालमान श्रेष्ठलाई उद्‌त गर्दै बोले । यी दुवै जनालाई कांग्रेसले कारबाही गऱ्यो । शैलजा आचार्य, जगन्नाथ आचार्यले मन्त्री पदबाट नैतिकताका आधारमा राजीनामा दिएका उदाहरणहरू पनि छन् । कुन प्रकरणमा किन राजीनामा दिए ? भन्ने कुरा त्यतिबेलामा मिडियाले लेखेकै छन् । एमालेले पनि २०५१ सालमा तत्कालीन आपूर्ति मन्त्री सिपी मैनालीलाई चिनी आयात काण्डमा हटाएकै थियो । सुरुआती चरणमा कांग्रेस र एमाले पनि उदाहरणीय थिए । कलान्तरमा बिग्रेका हुन् ।

निर्वाचन आयोगले अहिले तयार गरिरहेको मस्यौदा कानुनका रूपमा लागू हुन सक्यो भने दलीय विकृति निराकरणको आरम्भ हुनसक्छ । पहिलो कुरा त च्याउ उम्रिए जसरी राजनीतिक दल उम्रने सिलसिलाको अन्त्य हुन्छ । राजनीतिक दल नेताहरूको प्राइभेट कम्पनी हुने सिलसिलाको अन्त्य हुन्छ ।

यस्तो सिलसिलाको अन्त्य हुनासाथ नेपालमा ३ या ४ भन्दा बढी दल रहने संभावना बढ्छ । थोरै दल हुनासाथ निर्वाचन आयोगले दलहरूमा आन्तरिक लोकतन्त्रको अभ्यास गराउन सक्छ । दलहरूमा आन्तरिक लोकतन्त्रको व्यावहारिक अभ्यास संस्थागत हुनासाथ खराब व्यक्तिहरू दलबाट स्वतः किनारा लाग्छन् । असल व्यक्तिहरूको बाहुल्यता रहेका दलले असल शासन दिन सक्छन् ।

तर, निर्वाचन आयोगमा दलका झन्डे कार्यकर्ता पुग्ने सिलसिला जारी रह्यो भने यस्तो कानुन झन् प्रत्युत्पादक हुन्छ ।
(सौर्यअनलाइनबाट)

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

मेलम्ची नगरपालिका
वडा नं १३ वडा कार्यालय,सि.पा

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी
लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

मेलम्ची नगरपालिका
वडा नं १२ वडा कार्यालय,सि.पा

## बुद्धिजीवि परिषद् सिन्धुपाल्चोकले पायो नयाँ नेतृत्व



जनतापत्र । चौतारा

नेपाल बुद्धिजीवि परिषद् सिन्धुपाल्चोकद्धारा नयाँ नेतृत्व चयन गरिएको छ ।
जिल्लाको सदरमुकाम चौतारामा शनिबार सम्पन्न सातौं जिल्ला अधिवेशनबाट राधाकृष्ण श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरि एको हो ।

त्यस्तै परिषदको जिल्ला उपाध्यक्ष पदम पराजुली, सचिव केशव नेपाल, उपसचिव विन्दा पुरी, कोषाध्यक्ष शम्भूप्रसाद पोखरेल चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा कुमार सापकोटा, श्यामकृष्ण नेपाल, हरिकुमार श्रेष्ठ, क्षेत्रबहादुर थापा, सूर्य पौडेल, माधव ढकाल, चेतनाथ पराजुली, रविन्द्र शर्मा, रामप्रसाद नेपाल, सुजता सापकोटा र भरत सिलवाल चयन भएका हुन् ।

परिषद्को अधिवेशन केन्द्रीय उपाध्यक्ष प्राध्यापक डा. विधान आचार्य र नेकपा (एमाले) का पोलिटब्युरो सदस्य अरुण नेपालद्धारा कार्यक्रमको उद्घाटन गरिएको थियो । पार्टीको विचार, नीति र सिद्धान्त निर्माणमा बुद्धिजीविको महत्त्वपूर्ण भूमिकाको नेता नेपालले प्रशंसा गर्नुभयो ।

उहाँले जनप्रतिनिधिले घोषणापत्र एकतातिर कार्यक्रम अर्कौतिर गर्ने परिपाटीले अस्वीकृत हुँदै गएकाले सामाजिक र आर्थिक अवस्था सुधार का लागि विज्ञता हस्तान्तरण गर्नुपर्ने जानकारी दिनुभयो ।

अधिवेशनमा परिषद्का प्रदेश अध्यक्ष प्राध्यापक डा. ईश्वर कोइराला, केन्द्रीय सदस्य सुलोचना सिजख्वा, शिवराम भट्टराई, नेकपा (एमाले) सिन्धुपाल्चोकका अध्यक्ष होमनारायण श्रेष्ठले लगायतको आतिथ्यता रहेको थियो ।

## पाँचौ लिस्तीकोट दुगुनागढी माउन्टेन ट्रैल रेस प्रतियोगिताको उपाधि राईलाई



जनतापत्र । भोटेकोशी

पाँचौ लिस्तीकोट दुगुनागढी माउन्टेन ट्रैल रेस प्रतियोगिता -२०८१ को त्रिभुवन आर्मी क्लवका कास राई प्रथम भएका छन् । नेपाली सेनाको इन्द्रध्वज गण तथा भोटेकोशी गाउँपालकाद्वारा आयोजित प्रतियोगितामा त्रिभुवन आर्मी क्लवका राई प्रथम भएका हुन् । त्यस्तै द्धितीय हुनेमा सोही क्लवका होमलाल श्रेष्ठ र करण राउतले तृतीय भएका छन् ।

२ घण्टा ८ मिनेट प्रथम हुने राईले, दोस्रो हुने श्रेष्ठले २ घण्टा १० मिनेट र राउतले २ घण्टा १३ मिनेटमा २४.५ किमिको दुरी पार गर्दै उपाधी जित्न सफल भएका थिए ।

प्रथभ हुने खेलाडीहरु राइले १ लाख १० हजार, त्यस्तै द्धितियले ७५ हजार र तृतियले ५० हजार नगद तथा प्रमाण-पत्र प्राप्त गरेका हुन् । प्रतियोगिताको महिला तर्फको बिधामा भने त्रिभुवन आर्मी क्लवका सुनसरी रोकाय प्रथम भएकी छिन् भने जुम्लाको कल्पना बुढा द्धितीय र खोटाङकी पृती राई तृतीय भएकी छिन् ।

उनिहरुले पनि ७० हजार,५० हजार र ३० हजार नगद तथा प्रमाण-पत्र प्राप्त गरेका थिए। भोटेकोशी गाउँपालिका स्तरीय प्रतिशपर्धामा। भने कुमार तामाङ,मोहन भण्डारी र फुर्वा तामाङले प्रथम, द्धितीय र तृतीय स्थान हासिल गरेका थिए। उनिहरुले ३० हजार,२० हजार र १५ हजार नगद पुरस्कार तथा प्रमाण-पत्र प्राप्त गरेका थिए।

विजयी खेलाडीहरुलाई नेपाली सेना उपत्यका पृतना पति उपरथी विष्णु राउत,२६ नं.बाहिनी पति सहायक रथी अशोक गुरुङ , भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङ नुर्पु शेर्पा, प्रमुख जिल्ला अधिकारी किरण थापा,भोटेकोशी गाउँपालिका वडा नं ३का अध्यक्ष निमा सोना शेर्पा र इन्द्रध्वज गणका गणपति धर्मेन्द्र भण्डारी, भोटेकोशी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दीपक दाहाल लगायतकाले पुरस्कार तथा प्रमाण-पत्र प्रदान गरेका थिए ।

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

जलवायु परिवर्तन र यसबाट पर्ने
असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।

चौतारा साँगाचोकगढी
नगरपालिका कार्यालय,सिन्धुपाल्चोक

# शिक्षक भलिबल प्रतियोगिताको उपाधी तेर्से मा.वि.लाई



जनतापत्र । मेलम्ची

शिक्षक भलिबल प्रतियोगिताको उपाधी तेर्से मा.वि.ले हात पारेको छ । मेलम्ची नगरपालिका, हेलम्बु र पाँचपोखरी थाङ्पाल गाउँपालिका स्तरीय अन्तर विद्यालय शिक्षक भलिबल प्रतियोगिताको आइतबार फाइलन खेल भएको थियो ।

उक्त खेलमा जाल्पादेवी मा.वि., जैसीगाउँलाई ३-१ ले पराजित गर्दै आयोजक श्री तर्से मा.वि. विजेता बनेको हो । मेलम्ची नगरपालिका वडा नं. ६ स्थित श्री तेर्से माध्यमिक विद्यालयको ३४ औं वार्षिकोत्सवको अवसरमा गाउँपालिका स्तरीय अन्तर विद्यालय शिक्षक भलिबल प्रतियोगिता भएको थियो ।

त्यसैगरी महेन्द्र मा.वि. इचोकले हेलम्बु बोधिसत्व मोडल स्कुललाई २-१ पराजित गर्दै तृतीय स्थान हासिल गरेको छ ।

शुक्रबार सुरुभएको खेलमा मेलम्ची नगरपालिका, हेलम्बु र पाँचपोखरी थाङ्पाल गाउँपालिकाका गरि १६ वटा विद्यालयहरुको सहभागिता रहेको थियो ।

# नर्सरी व्यवस्थापन तालिम

जनतापत्र । पाँचपोखरी

सरोकार बचत तथा ऋण सहकारी संस्थाको अध्यक्षमा लक्ष्मण दुलाल चयन भएका छन् ।

सरोकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड मेलम्ची -११को ११ औं साधारण सभा तथा तेस्रो अधिवेशनले दुलाललाई अध्यक्षमा चयन गरेको हो । गत शनिबार नयाँ कार्यसमिति चयन गरिएको संस्थाका व्यवस्थापक प्रेमकृष्ण श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार, सहकारीको उपाध्यक्षमा बिष्णुप्रसाद गौतम,सचिवमा नानिराम दुलाल,कोषाध्यक्षमा रामशरण महरा सर्वसहमत चयन भएका छन् । सदस्यहरुमा जयकृष्ण श्रेष्ठ,यादवप्रसाद धिताल,हरिप्रसाद धिताल,सानीमैया पण्डित,गणेश तामाङ,चेतकुमारी दुलाल चयन भएका छन् । निवर्तमान अध्यक्ष शिवराम भट्टराईको अध्यक्षतामा सो साधरणसभा सम्पन्न भएको हो ।

सहकारी मुल्य,मान्यता अनुसार संचालन गर्नुपर्ने प्रमुख अतिथि बागमती प्रदेशका पुर्व राज्यमन्त्री इन्द्रमाया गुरुङले बताउनुभयो । सहकारी



भनेको सरकारको ३ खम्बे अर्थनीति मध्येको एक महत्त्वपूर्ण खम्बा भएको जनाउनुभयो । उहाँले यसको नियम र कानुन लाई ख्याल गर्दै ऋण लगानी गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा विशेष अतिथि मेलम्ची ११का वडा अध्यक्ष चन्द्रबहादुर तामाङ, इन्द्रावती क्याम्पसका प्रमुख राधाकृष्ण श्रेष्ठ लगायतले शुभकामना व्यक्त गर्दै सदस्यको हितमा काम गर्न आग्रह गर्नुभयो ।

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं
जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन वोर्ड

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं
जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं ५ वडा कार्यालय,सि.पा

जलवायु परिवर्तन रोक्न सक्रिय बनौं
जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
वोटविरुवा लगाऔं, हरियाली प्रर्वधन गरौं,
नविकरणीय उर्जाको प्रयोग गरौं,
फोहोरमैलाको व्यवस्थापनमा ध्यान दिऔं,
जलवायु परिवर्तन अनुकूलका वाली र तरकारी लगाऔं,
पानीका स्रोतहरुको संरक्षण गरौं,
वनजंगलको संरक्षण गरौं ।
मेलम्ची नगरपालिका
नगरपालिका कार्यालय,सि.पा